# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ५** **संख्या : ३२** **मितिः आषाढ २६ गते,**

सिद्धार्थनगर नगरपालिका

## संघ, संस्थाहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना**

नगरपालिकामा बिभिन्न सामाजिक संघसंस्थाहरु क्रियाशिल हुन्छन् । ती संघसंस्थाहरुले बिभिन्न सामाजिक कार्यक्रमहरु सञ्चालन गर्दछन् । सामाजिक संघ संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रममा नगरपालिकाबाट गरिने सहयोग, साझेदारी, सहकार्यलाई प्रभावकारी बाञ्छनीय भएकोले, सिद्धार्थनगर नगरपालिकाको मिति २०७८।३।२४ गतेको कार्यपालिकाको बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार बमोजिम नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "संघ, संस्थाहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) **“कार्यविधि”** भन्नाले संघ, संस्थाहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७८” सम्झनुपर्छ ।

(ख) **“कार्यालय”** भन्नाले सिद्धार्थनगर नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ग) **“नगरपालिका”** भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनुपर्छ ।

(घ) **“नगर प्रमुख”** भन्नाले सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख सम्झनुपर्छ ।

(ङ) **“नगर उप प्रमुख”** भन्नाले सिद्धार्थनगर नगरपालिकाका नगर उप प्रमुख सम्झनुपर्छ ।

(च) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

(छ) **“संघ संस्था”** भन्नाले नगरक्षेत्रमा सामाजिक, आर्थिक, वातावरणीय, खेलकुद, शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, सुशासन आदि क्षेत्रमा सार्वजनिक हितका लागि काम गर्ने गैरनाफामूलक संस्थाहरु भन्ने बुझिन्छ ।

(ज) **“अन्य सहयोग”** भन्नाले संघ संस्थाको कार्यक्रमको प्रकृति हेरी नगद बाहेक नगरपालिकाबाट नै उपलब्ध गराइने जिन्सी सामग्रीहरु, यातायात तथा संचार सम्बन्धी सहयोग, कार्यक्रम सञ्चालन गर्न टेवा पुग्ने सामान्य पूर्वाधार निर्माण सम्बन्धी कार्यहरु भन्ने बुझिन्छ ।

**३. संघ संस्थाका लागि सहयोग उपलब्ध गराउने विधि**

१) नगरपालिकामा काम गर्ने सामाजिक संस्थाहरुले सार्वजनिक हितका हुने गरी सञ्चालन गर्ने कार्यक्रम स्वीकृतीका लागि नगरसभामा पेश गर्नुपर्नेछ ।

२) उपनियम (१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरु सामाजिक कार्यको लागि रहेको र संस्था गैरनाफामूलक रहेको भन्ने आधार भएमा नगरसभाबाट कार्यक्रम स्वीकृत गरी सोको लागि आवश्यक बजेट वा अन्य सहयोग गर्न सक्नेछ ।

३) संघ संस्थालाई सहयोग गर्ने विधि साझेदारी वा सहकार्यको हुनेछ ।

४) सामान्यतया नगरसभाबाट स्वीकृत कार्यक्रम बाहेकका कार्यक्रममा सहयोग गरिनेछैन । तर सभा स्वीकृत नभएको अवस्थामा कार्यक्रम संचालन गर्न आवश्यक परेमा सभाबाट स्वीकृत बजेटको सीमा भित्र रही नगरपालिकाले आर्थिक वा अन्य सहयोगको प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

५) नगर सभाले स्वीकृत गरेको कार्यक्रम बाहेकको अवस्थामा सहयोग उपलब्ध गराउँदा सभाबाट स्वीकृत बजेटको सीमा भित्र रही रु. १ लाख भन्दा बढिको सहयोग उपलब्ध गराउँदा कार्यपालिकाबाट स्वीकृत हुनु पर्नेछ । अन्य प्रस्ताव नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा नगरपालिकाले बनाएको कुनै संयन्त्रबाट स्वीकृत गर्नुपर्नेछ ।

६) कम्तिमा २० प्रतिशत भन्दा बढि संघ संस्थाको योगदान नरहने कार्यक्रममा सहयोग उपलब्ध गराइने छैन ।

सिद्धार्थनगर नगरपालिका

७) कार्यक्रमको अनुगमन तथा निरीक्षण नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समिति र सम्बन्धित शाखाबाट हुनेछ ।

८) पूर्वाधार निर्माणका कार्यहरु गराउँदा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

९) सहयोग रकमको भुक्तानी सम्बन्धित संस्थाले कार्यक्रमसँग सम्बन्धित बील भरपाइ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१०) एउटा संस्थालाई एक आर्थिक बर्षमा एक पटक भन्दा बढि सहयोग उपलब्ध गराइने छैन ।

११) संघ संस्थाहरुलाई नगरपालिकाबाट गरिएको सहयोगको विवरण तयार गरी समय समयमा सार्वजनिक गर्न सकिनेछ ।

## ४. सहयोग गर्ने क्षेत्रहरु

१) संघ संस्थाहरुलाई सहयोग उपलब्ध गराउँदा सार्वजनिक हित हुने देहायका कार्यक्रमहरुमा गर्नुपर्नेछ ।

(क) सामाजिक परिचालनसँग सम्बन्धित कार्यक्रमहरु,

(ख) शिक्षा, स्वास्थ्य, खेलकुद सम्बन्धी चेतनामूलक कार्यक्रमहरु,

(ग) कृषी, पशुसेवा, पर्यटन लगायतका नगरको आर्थिक विकासमा टेवा पुग्ने कार्यक्रमहरु,

(घ) फोहरमैला व्यवस्थापन, सरसफाइ अभियान, हरियाली प्रवर्द्धन जस्ता वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु,

(ङ) धार्मिक सद्भाव सम्बन्धी कार्यक्रमहरु,

(च) सुशासन, सामाजिक जागरणसँग सम्बन्धित कार्यक्रमहरु,

(छ) नगरपालिकाले तोकेका अन्य कार्यक्रमहरु

२) संघ संस्थाबाट पेश भएको प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा रहनेछ ।

३) कार्यक्रम स्वीकृती पश्चात् संघ संस्थाहरुले कार्यक्रम कार्यान्वयनको क्रममा तोकिएको मापदण्ड बमोजिम कार्यक्रम संचालन नगरेमा जुनसुकै समयमा सो कार्यक्रम रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

४) निर्धारित लक्ष्य बमोजिम कार्यक्रम सम्पन्न नभएमा नगरपालिकाबाट हुने सहयोग रोक्का गरिनेछ ।

## ५. विविध

१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउ कार्यपालिकाले गर्न सक्नेछ ।

२) उपनियम (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

सिद्धार्थनगर नगरपालिका

३)	यस कार्यविधिको व्याख्या, संशोधन, थपघट गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

४)	यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

५)	यस कार्यविधिमा उल्लेख भएका बिषयहरु संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

६)	यो कार्यविधि लागु हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले:
तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

सिद्धार्थनगर नगरपालिका